"समुन्नत, सुरक्षित र वातावरणमैत्री सुन्दर शहर, सांस्कृतिक पर्यटकीय र समृद्ध तिलोत्तमा नगर"

# तिलोत्तमा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

"अन्तर्राष्ट्रिय गुणस्तर ९००१:२०१५ प्रमाणित नगरपालिका"

प.सं.:

च.नं.:

## सामाजिक सुरक्षा भत्ता नविकरण सम्बन्धी अत्यन्त जरुरी सुचना

प्रस्तुत विषयमा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधी, २०७७ को नियम (४) अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका लाभग्राहीले चालु आ.व.मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न तोकिएको ढांचामा सम्वन्धित वडा कार्यालयमा नविकरणको लागि निवेदन दिनुपर्ने व्यवस्था भए बमोजिम लाभाग्राहिहरु स्वयं वडा कार्यालयमा उपस्थिति भई यही मिति २०८० श्रावण १ गते देखि भाद्र मसान्तभित्र अनिवार्य रुपले आ-आफ्नो सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गर्नुहुन अनुरोध छ। साथै वालवालिका वा आफै उपस्थित हुन नसक्ने व्यक्तिहरुको हकमा निजको आमा, वावु, संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले समेत निवेदन दिन सक्नेछन।

**सामाजिक सुरक्षा भत्ता नविकरण गर्न वडा कार्यालयमा आवश्यक पर्ने कागजातहरु :-**

- ✓ नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- ✓ सक्कलै चेक- १ प्रति
- ✓ १ प्रति हालसालै खिचेको लाभाग्राहीको अटो साइजको फोटो
- ✓ दलित वालवालिकाको हकमा जन्मदर्ताको प्रतिलिपि साथै संरक्षकको नागरिकताको प्रतिलिपि र चेक १ प्रति
- ✓ विधवा महिलाको हकमा पतिको मृत्युदर्ताको प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको व्यहोरा प्रमाणित भएको वडा कार्यालयको सिफारिस
- ✓ सम्वन्ध विच्छेद गरि अर्को विवाह नगरेको ६० वर्ष उमेर पुगेको महिलाको हकमा सम्वन्ध विच्छेदको प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको व्यहोरा प्रमाणित भएको वडा कार्यालयको सिफारिस
- ✓ न्यायिक पृथकीकरण गरि वसेको महिलाको हकमा अदालतवाट न्यायिक पृथकीकरणको प्रमाणपत्र
- ✓ हालसम्म विवाह नगरेको ६० वर्ष उमेर पुगेको महिलाको हकमा वडाको सिफारिस
- ✓ अपाङ्ग भएका व्यक्तिको हकमा नगरपालिकाबाट जारि भएको अपाङ्गताको परिचयपत्रको रङ्गीन प्रतिलिपि

**याद राख्नुहोस :-**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधी, २०७७ को दफा ४ को उपदफा ६ बमोजिम म्याद भित्र नविकरण नभएमा लाभाग्राहिको लगतकट्टा गरिने र भत्ता प्राप्त नहुने साथै लगतकट्टा भएका व्यक्तिले पुन: लाभग्राहीमा सुचिकृत हुन चाहेमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ बमोजिम निवेदन दिन सक्ने व्यवस्था रहेकोले सोही अनुसार गर्नु गराउनुहुन सम्पुर्णमा जानकारीको लागि अनुरोध छ।

२०८०/०३/२६

नारायण अर्याल

प्रमुख प्रशासकीय अधिकृत

मणिग्राम, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

*Phone No.:071-562979, Email: tilottamamun@gmail.com, Website: www.tilottamamun.gov.np*

*Manigram, Rupandehi*

Scanned with CamScanner